Govt. Regd. No. 1331/068/069

SANIMA MAI HYDROPOWER LIMITED

# Sanima Mai Hydropower Limited

मिति : २०८०/०६/१५

श्रीमान महा-प्रबन्धकज्यू
नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

विषय : **प्रस्तावित बोनस शेयर, साधारणसभा र शेयरधनी दर्ता किताब बन्द हुने मिति लगायत अन्य आवश्यक जानकारीका सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सानिमा माई हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको मिति २०८०/०६/१५ गते सोमबार दिउँसो ३:०० बजे बसेको बैठकबाट निम्नानुसारका निर्णयहरू भएको व्यहोरा धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२(१) तथा धितोपत्र सुचीकरण सम्झौता बमोजिम तहाँ नेपाल स्टक एक्सचेन्ज लि.को जानकारीका लागि यो निवेदन गरेको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

१. साधारण सभा प्रयोजनका लागि शेयर दाखिल खारेज बन्द भएको अघिल्लो दिन सम्म कायम शेयरधनीहरूलाई आ.व. २०७९/०८० सम्मको वितरण योग्य संचित खुद मुनाफा मध्येबाट कम्पनीको वित्तिय विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूँजी रू ३,०८,९२,५१,०००/- को १० प्रतिशतले हुने रू. ३०,८९,२५,१००/- (अक्षरेपी तीस करोड उनान्नब्बे लाख पच्चीस हजार एक सय मात्र) बराबरको बोनस शेयर र प्रस्तावित बोनस शेयर बापतको कर प्रयोजनका लागि ०.५२६३ प्रतिशतले हुने रू. १,६२,५९,२१५/७९ (अक्षरेपी एक करोड बैसठ्ठी लाख उनन्साठ्ठी हजार दुई सय पन्ध्र रूपैया उनासी पैसा मात्र) नगद लाभांश वितरण गर्ने सिफारीस सहित आगामी वार्षिक साधारण सभा समक्ष विशेष प्रस्ताव पेश गर्ने ।

२. यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभा यही मिति २०८०/०७/२३ गते (तदनुसार ९ नोभेम्वर, २०२३) बिहीबारका दिन गर्ने र उक्त वार्षिक साधारणसभा तथा बोनस शेयर प्रयोजनका लागि मिति २०८०/०६/२४ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) गर्ने र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०६/२३ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन तथा आ. व. २०७९/८० सम्मको वितरण योग्य संचित मुनाफाबाट बोनस शेयर पाउन योग्य हुनेछन् ।

३. जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) को प्रवर्द्धक कम्पनी सानिमा जुम हाइड्रोपावर लि.को शेयरमा अधिकतम रू. १ अर्ब ५० करोड सम्म लगानी गर्ने, लगानीका लागि प्रवर्द्धक कम्पनी र सम्बन्धित पक्षहरू बीच सम्झौता गर्ने ।

४. जुम खोला जलविद्युत आयोजना (५६ मे.वा.) को बैंक कर्जा प्रयोजनका लागि प्रचलित कानूनले तोकेको सीमा भित्र रही संस्थागत जमानत (Corporate Guarantee) दिने सम्बन्धमा, साधारण सभाको स्वीकृतिका लागि आगामी वार्षिक साधारण सभा समक्ष प्रस्ताव पेश गर्ने ।

**भवदिय,**

.....................
जयन्त कुमार रेग्मी
(कम्पनी सचिव)

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

**वोधार्थ**
सिडिएस एण्ड क्लियरिङ्ग लि., शेयर मार्केट कर्मसियल कम्प्लेक्स, पुतलीसडक, काठमाण्डौ
सानिमा क्यापिटल लि., का.म.न.पा.-१, नक्साल, काठमाण्डौ

P. O. Box: 19737, KMC-4, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788, Fax: (977-1) 4015799
E-mail: sanimamai@sanimahydro.com, Website : www.maihydro.com